# 2020

# NEPALI

## (Modern Indian Language)

**Full Marks : 100**

**Pass Marks : 33**

**Time : Three hours**

*सोधिएका प्रश्नहरूको उत्तर आफ्नै शब्दमा लेख ।*

*प्रश्न संख्या 1 देखि 3 सम्मका प्रश्नहरूको सहि उत्तर दिएका विकल्पहरूबाट चुनेर फेरि लेख :*

1. जसले सबै कुरा जान्दछ, त्यो हो ———— 1

   (क) ठालु (ख) वैरागी

   (ग) सर्वज्ञ (घ) अमर

2. शरीर पूर्ण स्वस्थ रही स्वास्थ्य विचारधारा राखी निरोगी जीवन विताउनुलाई के भनिन्छ ? 1

   (क) हारपीज (ख) लुतो

   (ग) हेपाटाइटिस-बी (घ) रिप्रडक्टिभ हेल्थ

3. मन के को भए असल हुन्छ ? 1

   (क) बैंसको (ख) बतासको

   (ग) फलामको (घ) सयपत्रीको

*प्रश्न संख्या 4 देखिं 8 सम्मका प्रश्नहरूको उत्तर भरसक एउटा शब्द वा एउटा वाक्यमा लेख :*

4. 'शाश्वत-सत्य' कविताका कवि को हुन् ? 1

5. 'उचित' शब्दको विपरीतार्थक शब्द लेख । 1

6. जीवनरूपी जम्मै खोलाहरू कता तिर लम्किरहेछन ? 1

7. अमरले कति महीना सम्म जेलको सजाय भोग्नु पर्‍यो ? 1

8. साहित्यको विकास के संग गांसिएको हुन्छ ? 1

*प्रश्न संख्या 9 देखि 17 सम्मका प्रश्नहरूको उत्तर भरसक अति संक्षेपमा लेख :*

9. तीनतारे सारंगी के-के हुन् ? 2

10. निबन्ध रचनाका मुख्य तत्व के के हुन् ? 2

11. व्यापार पत्र के लाई भनिन्छ ? 2

12. निबन्ध लेख्दा कस्ता-कस्ता सामग्रीको ज्ञान हुनु पर्दछ ? 2

13. पत्रका कति रूप छन् ? 2

14. विपरीतार्थक शब्द भनेको के हो ? 2

15. हलो जोतेर चामे घर फर्कदा उसका घरमा के-के घटना घटे ? 2

16. दुश्मनहरूको कल्पना किन भत्ताभुङ्ग भयो ? 2

17. नेपाली भाषामा राजकीय प्रयोगका निम्ति शब्दहरू कहाँ-कहाँबाट लिनछन् ? 2

*प्रश्न संख्या 18 देखि 25 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा लेख :*

18. असहाय अभागी एन्टोनीयो कस्लाई भनिएको हो ? 3

19. पत्रलाई कति अंगमा विभक्त गरिन्छ ? र के-के हुन् ? 3

20. निबन्ध लेख्दा भूमिकाको प्रयोग कसरी गरिन्छ ? 3

21. वाग्धारा केलाई भनिन्छ ? 3

22. अन्त पाउनु; कान न्यानो हुनु, गला घोटनु —उक्त उखानको अर्थ लेख । 3

23. बढ़दो उमेरमा गलत प्रयोगले नशामा परिणत हुने चीजहरू के-के हुन् ? 3

24. मन र फलामको अन्तर स्पष्ट पार । 3

25. 'कृषिप्रधान देशमा रोपाईको दिन भरदेशको महोत्सव हुन्छ' —अर्थ स्पष्ट पार । 3

*प्रश्न-संख्या 26 देखि 31 सम्मका प्रश्नहरूको उत्तर संक्षेपमा नै लेख :*

26. वीर गोर्खाका सपुतहरूको उदाहरण दिंदै कविले देश रक्षकको रूपमा कसरी हेरेका छन् ? 4

27. आफ्ना मित्रलाई आफ्ना घरमा घटेका दु:खद घटनाको वर्णन गर्दै पत्र लेख । 4

28. विचारात्मक निबन्ध केलाई भनिन्छ ? 4

प्रस्तुत गद्यांश पढ़ेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

जीवनको उद्देश्य नै आनन्द हो । मनुष्य जीवन पर्यन्त नै आनन्दको खोजमा लागि रहन्छ । कसैलाई त्यो रत्न, द्रव्य नै पाउँछ, कसैलाई भरिपूर्ण परिवार, कसैलाई ठूल-ठुला भवनहरू, कसैलाई ऐश्वर्य नै । तर साहित्यको आनन्द यी सबै आनन्द भन्दा उच्च हुन्छ, पवित्र हुन्छ, यसको आधार सुन्दर र सत्यबाट मिल्दछ । यही आनन्दलाई दर्शाउनु र आनन्द प्राप्त गर्नु नै साहित्यको उद्देश्य हो । ऐश्वर्य वा भोगमा आनन्दको ग्लानि लुकेको हुन्छ । यसले अरूचिपनि हुन सक्छ, पश्चताप पनि हुन सक्छ, तर सुन्दरताले जुन आनन्द प्राप्त हुन सक्छ, त्यो अखण्ड हुन्छ, अमर हुन्छ ।

29. सब कल्मष नाशि सुकाउँछ यो, मन-मोद विनोद गराउँछ यो 4
— अर्थ स्पष्ट पार ।

30. आमा कथाको आधारमा नयनतारा बारे तिमीले जाने जतिका कुराहरू लेख । 4

31. गुप्ताङ्गबाट फैलिने रोग के-के हुन् ? 4

32. मनुष्यलाई के ले अरूचि हुन्छ ? 1

(क) आनन्दले

(ख) ऐश्वर्य वा भोगले

(ग) सुन्दर र सत्यले

(घ) रत्न, द्रव्यले

33. आनन्द प्राप्त गर्नु केको उद्देश्य हो ? 1

34. साहित्यको आधार के बाट मिल्दछ ? 1

35. 'पवित्र' को विपरीतार्थक शब्द लेख । 1

36. ऐश्वर्य वा भोगको आनन्दले के पाईन्छ ? 1

37. मनुष्य जीवनभर केको खोजमा लागि रहन्छ ? 1

38. साहित्यको आनन्द कसरी हुन्छ ? 2

39. जीवनको उद्देश्य के हो ? 2

*प्रश्न संख्या **40** र **41** का प्रश्नहरूको उत्तर विस्तारपूर्वक लेख :*

40. सप्रसंग व्याख्या गर –

ए असहाय ! अभागी एन्टोनियो होसियार ! साइलक तिमिकहाँ तिम्रो एक पौण्ड मासु काट्न आइरहेछ ।

*अथवा*

'साहित्य-सुधा' कविताको सारांश लेख । 8

41. निम्नलिखित विषयहरू मध्ये कुनै एउटा विषयमा निबन्ध लेख : 8

(क) हाम्रो चाड़ दशैं

(ख) विज्ञानको चमत्कार

(ग) मणिपुर पनि पर्यटनको क्षेत्र हो